# Women's Fund Asia

## अनुदान सम्बन्धि धेरै सोधिने प्रश्नहरु

**महिलावादि  हस्तक्षेपहरु भन्नाले के बुझिन्छ ?**

हामी त्यसता हस्तक्षेपलाई समर्थन गर्छौ जुन महिलावादी सिद्धान्तहरुमा आधारित छ; जसले असमानता, भेदभाव  र शक्तिका विषयलाई सम्बोधन गर्दछ ; जसमा महिला र तेस्रो लिंगी जनसाधारणको एजेन्सी, नेतृत्व , स्वायत्तता र निर्णय गर्ने क्षमता जस्ता तत्वहरु छन्  । महिलावादी हस्तक्षेपहरुले  ऐतिहासिक र संस्थागत रुपमा हुदैं आएको भेदभाव र सिमान्तीकरणको प्रक्रियाहरूलाई  चुनौती गर्छ जसले गर्दा महिला तथा तस्रो लिंगीहरुको समुदायलाई हानी र अस्वीकार भएको छ ।

**अधिकार आधारित कार्यक्रम भन्नाले के बुझिन्छ ?**

अधिकार आधारित कार्यक्रममा हाल स्थापित मानव अधिकारका ढांचाहरुको तत्त्व समावेश छन्। यसको अर्थ यो संस्थाले महिला र तेस्रो लिङ्गी व्यक्तिहरुको अधिकारलाई आफ्नो कार्यक्रमको केन्द्रमा राखेको छ । त्यसका साथै उनीहरुको आवाज, नेतृत्व र निर्णय लिने अधिकार यस कार्यक्रमका मुख्य र अभिन्न अङ्ग हुन् । अधिकार आधारित कार्यक्रमका दृष्टिकोणमा निम्न तत्वहरू आधारभूत ढाँचामा छन्: अधिकारहरूको पहिचान; अधिकारहरूको परिचालन गर्दै; अधिकारको दावी र दावीको उल्लङ्घन; त्यसबाट भएका दिगो उपलब्धिहरु र अधिकार को विकास ।

**सामान्य परिचालन अनुदान भन्नाले के बुझिन्छ ?**

सामान्य परिचालन अनुदान अर्थात मुल अनुदान त्यस्तो अनुदान सहयोग हो जुन तपाईले आफ्नो संस्थामा भएका कोष खपत लाई परिपोषण गर्न अनुरोध गर्न सक्नुहुनेछ । यो सहयोग कुनै 'परियोजना' सँगै नै सम्बन्धित हुनुपर्छ भन्ने जरुरी छैन  । यसको अर्थ तपाईले हामीलाई आफ्नो संस्थाको संस्थागत, प्रशासनिक र परिचालन

लागतहरू जस्तै तलब, भाडा, उपकरण [1] यात्रा, कार्यलय अनुरक्षण गर्न, लेखा परीक्षा, अन्य कानूनी र वित्तीय अनुपालन लागत, संगठनात्मक क्षमता निर्माण, रणनीति विकास आदि जस्ता संगठन चलाउन आवश्यक मुल लागतका लागी पनि आबेदन दिन सक्नुहुनेछ । एकै समयमा, सामान्य परिचालन अनुदानले तपाईंको चालु कार्यक्रमहरू, पहलहरू र साझेदारीका कार्यहरु पनि समर्थन हुन सक्छन् ।

सामान्य परिचालन अनुदानका लागि निवेदन दिंदा, तपाईले एक भाग परिचालन र एक भाग कार्यक्रम सहयोग; वा केवल परिचालन सहयोग; वा केवल कार्यक्रमको सहयोगका लागि अनुरोध गर्न सक्नुहुनेछ । सामान्य परिचालन अनुदानले तपाईको संस्थालाई कुन कार्यका लागि कोष आवश्यकता छ सोहि ठाउँमा परिपोषण गर्ने कुरा निर्णय गर्न लचकता दिन्छ ।

सामान्य परिचालन अनुदान प्रदान गर्दा, WFA ले तपाईंको संस्थाको कुनै कार्य वा परियोजना विशेष बारे जानकारी नभई तपाईंको संस्थाको समग्र कार्य, रणनीति र अपेक्षित नतिजाका बारेमा जानकारी प्रदान गर्न अनुरोध गर्नेछौं ।

**तेस्रो लिंगी व्यक्तिहरुको वर्ग भित्र को को पर्दछन् ?**

तेस्रो लिंगीलाई विविध लैङ्गिक पहिचान र लैङ्गिक अभिव्यक्तिहरू भएका वर्गलाई समावेश हुने गरि एक छाता शब्दका रुपमा प्रयोग गरिन्छ । यो प्रायः जन्म भएका बेला निर्धारण गारिएको लिंग भन्दा फरक लैङ्गिक पहिचान भएका व्यक्तिलाई जनाउने  छाता शब्दका रुपमा प्रयोग गरिन्छ ।[2] WFA ले  तेस्रो लिंगीलाई जनाउन 'Trans*' शब्दलाई प्रयोग गर्ने गर्दछ, जसलाई लैङ्गिक पहिचानको सम्पुर्ण दायरा भित्र पर्ने वर्गको विस्तृत परिभाषा जनाउनलाई पनि प्रयोग गरिने गरिन्छ ।

**यदि मेरो सांगठनिक समुहमा सबै महिला / तेस्रो लिंगी छन् तर म मेरो बोर्डमा आवश्यक मापदण्ड पूरा गर्दिन, के मेरो संस्था यो अनुदान सहयोगका लागि निबेदन दिन योग्य हुनेछ ?**

WFA को मुख्य अवधारणा महिला तथा तेस्रो लिंगी द्वारा सञ्चालित संस्थाहरु र पहलहरु लाई समर्थन गर्ने हो । यसले के जनाउँछ भने यदि तपाईको संस्थाले विशेषत महिला तथा तेस्रो लिंगीको अधिकारको क्षेत्रमा काम गर्ने लक्ष्य राख्छ भने, तपाइँसँग तपाइँको समुह र बोर्ड दुबैमा ७५% महिला तथा तेस्रो लिंगीको प्रतिनिधित्व

---

[1] कम्प्यूटर- डएक्सटप, ल्यापटप, डार्डडिस्क, प्रिन्टर, स्क्यानर, फोटोकपी मेशिन र क्यामरा

[2] Asia Pacific Transgender Network, Transgender Day of Remembrance 2015: http://www.weareaptn.org/wp-content/uploads/2017/10/transgender-day.pdf

आवश्यक छ । कुनै आवेदनमा संस्थागत आवश्यकता पुरा नभएको खण्डमा, यदि कुनै महत्वपर्ण कार्यनिति उल्लेख गरि निबेदन दिइएकोमा सो लाई विचार गर्न सक्ने लचकता भए पनि, उक्त अवस्था निकै सिमित रहेको छ । यस्तो निबेदनलाई विचार गर्ने नगर्ने कुरा उक्त प्रस्तावित कार्यनितिको प्रकृति र सो कार्यनिति लागु हुने राजनीतिक सन्दर्भमा पनि निर्भर हुनेछ ।

**यदि मेरो सांगठनिक समुह र बोर्ड दुबैमा सबै महिला / तेस्रो लिंगी छन् तर कार्यकारी निर्देशक एक पुरुष हुन् जो तेस्रो लिंगीको वर्गमा पर्दैनन्, के मेरो संस्था यो अनुदान सहयोगका लागि निबेदन दिन योग्य हुनेछ ?**

दुर्भाग्यवश, हुनेछैन । माथि उल्लेख गरिए अनुसार WFA ले महिला तथा तेस्रो लिंगी द्वारा नेतृत्व गरिएका संस्थाहरु र पहलहरुलाई समर्थन गर्दछ । केहि महत्वपूर्ण प्रस्तावलाई स्थान दिन सकिए पनि यो अत्यन्तै कम मात्रालाई प्रदान गर्न सकिन्छ र प्रस्तावको मामलामा पनि भरपर्ने हुन्छ ।

**यदि हामी एक नयाँ संस्था हौं जसले हाल सम्म कुनै पनि रकम प्राप्त गरेका छैन, के हामी आवेदन गर्न सक्छौं ?**

WFA ले नयाँ पहल / समूहहरूको आवेदनलाई स्वागत गर्दछ।

**हामीले यस अघि पनि WFA मा अनुदानको लागि आवेदन गरेका थियौं तर रकम प्राप्त गरेका थिएनौं, के हामी फेरि आवेदन गर्न सक्छौं ?**

कृपया निश्चित गर्नुहोस् कि तपाईँले WFA द्वारा निर्धारित योग्यता र मापदण्डहरू पूरा गर्नुहुन्छ, र यदि गर्नुहुन्छ भने, कृपया फेरि आवेदन दिनुहोस् !

**के हामी आवेदन गर्न दर्ता हुनुपर्छ** ?

कृपया आवेदन गर्नु अघि हामीलाई लेख्नुहोस् र हामी त्यसबारे आफ्नो विकल्प पत्ता लगाउन सक्छौं ।

**WFA को एक अनुदान को रकम र अवधि कति हो ?**

सामान्यतया WFA अनुदानको अवधि ६ महिना देखि १ वर्ष हो। यदि तपाइँ पहिलो पटकको अनुदानगृहीता हुनुहुन्छ भने तपाईंले ५,००० देखि ७,००० अमेरिकी डलर सम्मको अनुदान अपेक्षा गर्न सक्नुहुनेछ । हामीले लामो समयसम्म (१ वर्ष भन्दा धेरै) साझेदार गरिएको संस्थालाई १०,००० अमेरिकी डलर सम्मको अनुदान दिन सकिन्छ । व्यक्तिगत अनुदानको रकम भने ५,००० अमेरिकी डलर भन्दा बढी हुन सक्दैन।

**के व्यक्तिहरूले आवेदन दिन सक्छन् ?**

हो, व्यक्तिहरूले आवेदन दिन सक्छन् । हामी यो अनुदान आवेदनकर्ताको योग्यता र महिला तथा तेस्रो लिंगीको अधिकार आंदोलनमा उनिहरुको कामको प्रासंगिकताका आधारमा मुल्याङ्कन गरि प्रदान गर्दछौं। तथापि, हामी संस्थागत र कार्यक्रममा आधारित अनुदानमा प्राथमिकता दिन्छौं।

**के हामी यस अनुदान प्रदान गर्ने समय बाहिर पनि आवेदन गर्न सक्छौं?**

WFA ले एक वर्षमा एक पटक महिलावादी आंदोलन सबलीकरण कार्यक्रमको लागि आवेदन खुला गर्छ । स्रोतहरूको उपलब्धताका आधारमा, वर्षको तेस्रो चौथाईमा दोस्रो पटक आवेदन खुला हुन सक्छ। आवेदन खुला गरिए बाहिरका प्राप्त निबेदनहरुमा विचार गरिने छैन । यसका लागि एक मात्र अपवाद भनेको WFA ले प्रदान गर्ने क्षमता निर्माण सम्बन्धि अनुदान हो जुन वर्षभरि नै खुला गरिएको हुन्छ र सो मा निबेदन गर्न सकिन्छ,; यस भित्र यात्रा, अनुसन्धान, महत्वपूर्ण विषयमा वकालतहरू समावेश गरिएको छ । यस सम्बन्धि थप जानकारी हाम्रो वेबसाइटमा उपलब्ध छ । कृपया ध्यान दिनुहोस्, WFA को 'दक्षिण कार्यक्रमको लागि नेतृत्व'[3] को लागि अर्को आवेदन अक्टोबर २०१८ मा खुला गरिनेछ ।

**हाम्रो वार्षिक बजेट ५०,००० अमेरिकि डलर भन्दा अधिक छ भने के हामी आवेदन भर्न योग्य छौं?**

WFA को महिलावादी आंदोलन सबलीकरण कार्यक्रम साना समुहहरुका लागि केन्द्रित छ जसको स्रोत साधनमा सिमित पहुँच हुन्छ । वार्षिक बजेट ५०,००० अमेरिकि डलर भन्दा अधिक बजेट भएका समुहका हकमा यो कार्यक्रम अन्तर्गत योग्यता पुग्नेछैन ।

**के मेरो देश यस अनुदान कार्यक्रममा आवेदन दिन योग्य छ ?**

हालको आवेदन बांग्लादेश, भारत, नेपाल, पाकिस्तान र श्रीलंकाका लागि खुला गरिएको छ ।

**के हामी एक अनुदान प्रदान गर्ने चरणमा एक भन्दा धेरै अनुदानको लागि आवेदन गर्न सक्छौं ?**

---

[3] http://www.womensfundasia.org/index.php?r=whatWeDo/leadingfromtheSouth

होइन, एक अनुदान प्रदान गर्ने चरणमा केवल एक आवेदनलाई मात्र रुचाईनेछ । तथापि, एक समूहले अन्य राष्ट्रिय वा अन्तर क्षेत्रीय समूहहरूको साथ साझेदारी कार्यक्रमका लागि एक भन्दा बढी आवेदन प्रस्तुत गर्न सक्छ।

**के WFA ले आपातकालीन अनुदान प्रदान गर्दछ ?**

होइन, WFA ले आकस्मिक अनुदान प्रदान गर्दैन । यद्यपि, कृपया हामीलाई सम्पर्क गर्न संकोच नगर्नुहोस् र हामी तपाइँलाई अन्य कोष स्रोतहरू र / वा आवश्यक प्राविधिक सहयोगसँग जोड्न सक्दो प्रयास गर्नेछौं।

**WFA को प्राथमिकता को पर्दछ: पुराना साझेदार वा नयाँ अनुदान?**

यो WFA को लागि एक चुनौती हो, किनकि सीमित स्रोतहरूका कारण, यो अन्य किसिमका दाता समूहहरूको लागि हो । WFA ले हरेक वर्ष नयाँ साझेदारहरू समावेश गर्न सचेतताका साथ काम गर्दछ, त्यस्का साथै साझेदारहरूलाई पनि आवधिक रुपमा निरन्तर सहयोग सुनिश्चित गर्दै आवश्यक सहयोग पुर्याउँछ। प्रत्येक अनुदान प्रदान गर्ने चरणमा, हामी संग भएको सिमित स्रोतहरू, नयाँ वा विद्यमान साझेदारहरूलाई कसलाई दिने भनि कठिन निर्णय गर्नुपर्ने हुन्छ । उदाहरणको रूपमा, WFA को अन्तिम अनुदान बनाउने चक्रमा, 40% अनुदान हाम्रो अवस्थित साझेदारहरू र 60% नयाँ अनुदानमा थिए।

**मेरो आवेदनको निर्णयको बारेमा थाहा पाउन कति समयको आवश्यकता पर्छ ?**

तपाईंले आवेदन बुझाएको हप्ता भित्र प्रस्तावको प्राप्तिको एक स्वीकार प्राप्त गर्नुपर्दछ। चेक स्टेजमा प्राविधिक मापदंड पुरा नगर्ने समूहहरूलाई तीन हप्ता पछि निर्णय सूचित गरिनेछ। अन्य सबै आवेदकहरूले WFA टीमबाट ५-१० हप्ताको समयमा नतिजा थाहा पाउनुपर्छ, यो कुरा आवेदन चयन चरणको कुन प्रक्रिया सम्ममा पुग्छ भन्ने पनि निर्भर गर्दछ । यदि आवेदन लिने मिति बन्द भएको ५ हप्ता बितिसकेको छ र तपाईले अझै WFA बाट कुनै प्रतिक्रिया पाउनुभएको छैन भने, कृपया अद्यावधिकको लागि grants@wf-asia.org मा लेख्नुहोस्।